**संवत् २०८० साल असार ५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. अर्थ मन्त्रालय: धुर्मुस सुन्तली फाउण्डेसनले "गिरानचौर एकीकृत नमूना बस्ती पुनर्निर्माण तथा पर्यटन प्रवर्द्धन परियोजना" को स्वामित्वमा रहेको घरजग्गा हस्तान्तरण गर्दा असुल हुनुपर्ने अग्रिम कर पूर्ण रुपमा छुट दिने ।

२. अर्थ मन्त्रालय: नागरिक लगानी कोषको चुक्ता पुँजी वृद्धि गरी रु. ५ अर्ब ३१ करोड ३७ लाख ५० हजार कायम गर्न स्वीकृति प्रदान गर्ने।

३. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय: विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को परिच्छेद-९ मा उल्लेख भएबमोजिमको कसूरसम्बन्धी मुद्दा तथा बैङ्किङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) बमोजिमको कसूरको सुरु कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई तोक्ने।

४. गृह मन्त्रालय: 19th Western China International Fair मा सहभागी हुन माननीय उपप्रधामन्त्री एवम् गृह मन्त्रीको चीन भ्रमण स्वीकृत गर्ने।

५. परराष्ट्र मन्त्रालय: नेपाल-चीन सीमानाको तातोपानी/झाङमु स्थित सीमा चिह्न (स्तम्भ) ५३(१) लाई यथास्थानमा संयुक्त रूपमा पुनः स्थापनाका लागि प्रमुख नापी अधिकृतको संयोजकत्वमा ५ सदस्यीय नेपाली टोली गठन गर्ने ।

६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय: महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), १९७९ को सातौं आवधिक प्रतिवेदन CEDAW समितिमा पठाउन स्वीकृति दिने।

७. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक साधारण सेवाका प्रमुख सेनानी अनिल कुमार बुढाथोकीलाई महासेनानी दर्जामा बढुवा गर्ने।

८. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक प्राविधिक सेवाका सहायक रथी सुर्य राज शर्माको पदावधि थप गर्ने।

९. रक्षा मन्त्रालय: उपरथी श्री कृष्णदेव भट्टलाई इन्डोनेसियाको Bali मा सञ्चालन हुने International Military Law and Operations (MILOPS-23) सम्बन्धी Strategic Engagement कार्यक्रममा सहभागी हुन स्वीकृति दिने।

१०. रक्षा मन्त्रालय: माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री पूर्णबहादुर खड्कालाई ओमानमा हुने 8th NRNA Middle East Regional Conference (MRC) मा प्रमुख अतिथिको रूपमा सहभागिता जनाउन स्वीकृति प्रदान गर्ने।

११. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय: नेपाल सरकार र बेलायत सरकारबीचको द्विपक्षीय श्रम सम्झौता कार्यान्वयन सम्बन्धी कार्ययोजना (Implementation Protocol) स्वीकृत गर्ने।

१२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय: ओमनको मस्कटमा आयोजना हुने गैर आवासीय नेपाली संघको ८ औं मध्यपूर्वी क्षेत्रीय सम्मेलनमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको सहभागिताको लागि स्वीकृति प्रदान गर्ने।

१३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: म्याग्दी जिल्लाका जिल्ला समन्वय समिति प्रमुख श्री राजकुमार थापाको चीनको सिचुवानको भ्रमण स्वीकृत गर्ने ।

१४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: भुपेन्द्र भण्डारीलाई दूरसञ्चार तथा सूचना प्रविधि सल्लाहकार नियुक्त गर्ने।

१५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: रुवाण्डामा आयोजना हुने Women Deliver Conference मा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव(स्वाथ्य)लाई सहभागिताको लागि स्वीकृति दिने।

१६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: ११औं तहका डा. राधिका थपलियालाई सङ्घीय पुल दरबन्दीमा समायोजन गर्ने।

१७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० स्वीकृत गर्ने।

## संवत् २०८० साल असार १२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: संयुक्त राष्ट्रसंघको Economic and Social Council को आयोजनामा हुने High-Level Political Forum on Sustainable Development विषयक कार्यक्रममा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सचिवलाई स्वीकृति दिने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: चीनमा आयोजना हुने Forum on Global Action for Shared Development विषयक कार्यक्रममा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्षलाई स्वीकृति प्रदान गर्ने।

३. अर्थ मन्त्रालय: मंगोलियामा आयोजना हुने Asian Credit Supplementation Institutions Confederation को ३५ औं वार्षिक सभामा सहभागी हुन अर्थ मन्त्रालयका सचिव (राजस्व) लाई स्वीकृति दिने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: रास्कोट नगरपालिका वडा नं. ६ लगायतका ७ स्थानमा औद्योगिक ग्राम घोषणा गर्ने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: उदयपुर सिमेन्ट उद्योग लिमिटेडको महाप्रबन्धक श्री गोपीकृष्ण न्यौपानेको राजीनामा स्वीकृत गर्ने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीलाई संयुक्त अरब इमिरेट्सको अबुधावीमा आयोजना हुने अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको क्षेत्रीय समितिको पाँचौं बैठकमा सहभागी हुन स्वीकृति दिने।

७. गृह मन्त्रालय: विभूषण समितिका सदस्यहरूमा जनार्दन नेपाल लगायत ६ जनालाई तोक्ने।

८. परराष्ट्र मन्त्रालय: सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलबाट नयाँ दिल्लीस्थित अखिल भारतीय आर्युविज्ञान संस्थानमा स्वास्थ्य परीक्षण गराउने क्रममा भएको भ्रमणको समर्थन गर्ने।

९. परराष्ट्र मन्त्रालय: अजरबैजानको आयोजना हुने असंलग्न राष्ट्रहरूको मन्त्रिस्तरीय बैठकमा परराष्ट्र मन्त्री नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने।

१०. परराष्ट्र मन्त्रालय: भेरिएसन आदेशबाट राहदानी खरिदका लागि आइडेमिया कम्पनीसँग सम्झौता गर्न स्वीकृति प्रदान गर्ने।

११. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: खुदाबागर आदर्श कलेजलाई सरकारी जग्गा लिजमा दिन स्वीकृति दिने।

१२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: कर्जन्हा नगरपालिका सिराहालाई सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने ।

१३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र ललितपुरलाई सरकारी प्रकृतिको जग्गा उपयोग गर्न स्वीकृति दिने।

१४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: भारतमा आयोजना हुने 17th Indain Cooperative Congress कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति दिने।

१५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय: सार्वजनिक सडकसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्ने कानून तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

१६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: श्रीलंकामा हुने पर्यटन प्रवर्धन कार्यक्रममा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने।

१७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: यति एयरलाइन्सको ATR ७२, ९N-ANC कलसाइन रहेको वायुयान दुर्घटनाको छानविन गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।१०।१ को निर्णयानुसार गठित दुर्घटना जाँच आयोगको म्याद २०८० असार मसान्तसम्म थप गर्ने ।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: गुर्भाकोट नगरपालिकासहित विभिन्न ६ वटा स्थानीय तहहरूको परियोजनाको लागि जग्गा प्राप्त गर्न सहमति प्रदान गर्ने।

१९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: कोरियाको बुसानमा आयोजना हुने 2023 Global Saemaul Undong Ministerial Meeting कार्यक्रममा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीलाई सहभागिता जनाउन स्वीकृति प्रदान गर्ने ।

२०. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: नेपाल दूरसञ्चार प्राधिकरणको बजार व्यवस्थापन सदस्य पदमा नवराज अधिकारीलाई नियुक्त गर्ने।

२१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: हुलाक बचत बैंकमा रहेका बचतकर्ताका खाता एवं बचत रकम हुलाक सेवा विभागले राष्ट्रिय वाणिज्य बैंकमा हस्तान्तरण गरी हुलाक बचत बैंक खारेज प्रक्रिया अगाडि बढाउन स्वीकृति प्रदान गर्ने ।

२२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपालको नाउँमा रहेको ललितपुर महानगरपालिका वडा नं. १५ खुमलटारस्थित ४१-४-०-२ (एकचालीस रोपनी चार आना दुई दाम) जग्गा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/११/२८ र मिति २०७६/०६/३० को निर्णयअनुसार हुने गरी नेपाल दूरसञ्चार प्राधिकरणलाई उपलब्ध गराउन स्वीकृति दिने।

२३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: स्वीट्जरल्याण्डको जेनेभामा हुने Third Global Rehabilitation २०३० meeting मा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त स्वास्थ्य सचिवलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

२४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: विश्वरुप खड्कालाई अवैतानिक जनस्वास्थ्य सल्लाहकार नियुक्त गर्ने ।

२५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय: सवारी तथा यातायात व्यवस्था (नवौं संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने।

२६. भरतपुर महानगरपालिकामा धुर्मुस सुन्तली फाउण्डेशनबाट निर्माण सुरु गरिएको गौतमबुद्ध क्रिकेट रङ्गशालाको कार्यप्रगतिको मूल्याङ्कन गरी हालसम्म सिर्जित दायित्व भुक्तानी गर्ने प्रयोजनका लागि अर्थ मन्त्रालयले भरतपुर महानगरपालिकालाई रु. १२ करोड सशर्त अनुदान उपलब्ध गराउने।

**संवत् २०८० साल असार १९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: नेपाल न्याय सेवा, सरकारी वकील समूह, रा.प.प्रथम श्रेणी, सहन्यायाधिवक्ता पदमा हरि शंकर ज्ञवालीलाई बढुवा नियुक्त गर्ने।

२. अर्थ मन्त्रालय: एमसिए-नेपालले निर्माण गर्ने विद्युत प्रसारण लाइनको टावर निर्माण तथा सवस्टेसनका लागि सिन्धुपाल्चोक पाल्पा तथा नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्लाहरूमा जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने ।

३. अर्थ मन्त्रालय: एसियाली विकास बैङ्कबाट बजेटरी सहायताको रूपमा प्राप्त हुने ५० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने ।

४. अर्थ मन्त्रालय: सासेक राजमार्ग सुधार आयोजना (काँकडभिट्टा-लौकही) सञ्चालन गर्न एशियाली विकास बैंकबाट परियोजना सहायताको रूपमा ३०० मिलियन अमेरिकी डलर (करिब रु. ३९ अर्ब ३० करोड) सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने ।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: गोदक अनारमनी १३२ के.भी. प्रसारण लाइन आयोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने ।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय: नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित प्रथम श्रेणीका शेरजंग कार्कीलगायत ७ जना अधिकृतहरूको सरुवा गर्ने।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय: बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यावधि २०८० पुस मसान्तसम्म थप गर्ने।

८. गृह मन्त्रालय: कारागार कार्यालय नौवास्ता बाँकेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको लागि पूर्वस्वीकृति प्रदान गर्ने।

९. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: नेपाली सेना समरजित गुल्म स्याङ्जालाई सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय: पुष्पलाल (मध्यपहाडी) राजमार्ग सडक आयोजनामा पर्ने घर/टहरा हटाउन स्वीकृति प्रदान गर्ने।

११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय: आ.व. २०७९/८० मा प्रदेश सरकारअन्तर्गत हस्तान्तरण भएको सडक पूर्वाधार विकास कार्यक्रम र तराई मधेश विशेष पूर्वाधार कार्यक्रमअन्तर्गतका सडक/योजनाहरू भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागमा ल्याउन स्वीकृति दिने।

१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय: जापान हुने High Level JICA Official सँगको बैठकमा सहभागी हुन भौतिक पूर्वाधार तथा यातायात मन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

१३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय: सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतमा सहसचिव कुवेर नेपालीलाई खटाउने ।

१४. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक साधारण सेवाका प्रमुख सेनानी राजेश थापालाई महासेनानी दर्जामा बढुवा गर्ने।

१५. रक्षा मन्त्रालय: उपरथी श्री आश बहादुर तामाङ्ग पिएच.डि.लाई संयुक्त अधिराज्यको ExCeL London मा सञ्चालन हुने Defence and Security Equipment International (DSEI) event मा सहभागी हुन स्वीकृति दिने।

१६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय: थाइलैण्डको बैंककमा आयोजना हुने 4th High Level Policy Forum on Multilingual Education कार्यक्रम तथा 7th International Conference on Language and Education विषयक कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्रीलाई सहभागी हुन स्वीकृति दिने।

१७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: भारतको न्यू दिल्लीमा हुने Regional meeting of the Regional Strategic Roadmap on Health Security & Health System Resilience for Emergencies 2023-2027 and related component strategiesमा सहभागिताको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त स्वास्थ्य सचिवलाई स्वीकृति प्रदान गर्ने ।

१८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: गेटा अस्पताल कैलालीको लागि आ.व. २०८०/८१ मा ३१ अधिकृतहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल सञ्चालक समितिको सदस्यहरूमा डा. दिनेश कुमार बि.क. लगायत ६ जनालाई मनोनयन गर्ने।

२०. राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी (रा.प. विशिष्ट श्रेणी) रामप्रसाद थपलियाको राजीनामा स्वीकृत गर्ने।

२१. नेपाल प्रशासन सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा घनश्याम उपाध्यायलाई बढुवा गर्ने ।

## संवत् २०८० साल असार २१ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम आयोजनाको म्याद थपसम्बन्धी बाधा अड्काउ फुकाउने आदेश जारी गर्ने ।

२. अर्थ मन्त्रालय: आर्थिक वर्ष २०७९/८० मा स्थानीय तहलाई हस्तान्तरण हुन बाँकी अन्तिम किस्ताको वित्तीय समानीकरण अनुदानको रकममध्ये हाललाई चालिस प्रतिशत वित्तीय हस्तान्तरण गर्ने ।

## संवत् २०८० साल असार २६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: सिंगापुरमा आयोजना हुने Personal Data Protection (PDP) Week including the International Association of Privacy Professionals' (IAPP) Asia Privacy Forum २०२३ विषयक कार्यक्रममा यस कार्यालयका सचिव (प्रशासन) लाई सहभागी हुन स्वीकृति दिने।

२. अर्थ मन्त्रालय: भारतको गुजरातमा आयोजना हुने तेस्रो G20 अर्थमन्त्रीस्तरीय बैठकमा अर्थमन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

३. अर्थ मन्त्रालय: थाइल्याण्डको बैंककमा आयोजना हुने "Cross Learning International Program" विषयक कार्यक्रमको समापन समारोहमा सहभागी हुन उप-महालेखापरीक्षकलाई स्वीकृति प्रदान गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: आगामी आर्थिक वर्ष २०८०/८१ को लागि मोटा धानको लगि प्रति क्विन्टल रु.३१९८/- र मध्यम धानको लागि प्रति क्विन्टल रु.३३६२/- न्यूनतम समर्थन मूल्य तोक्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: चैनपुर सेती जलविद्युत आयोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने ।

६. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: इन्डोनेसियामा हुने उच्चस्तरीय वैदेशिक भ्रमण कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव (कृषि) लाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

७. गृह मन्त्रालय: अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगको म्याद मिति २०८०/३/२६ गतेदेखि तीन महिना थप गर्ने।

८. परराष्ट्र मन्त्रालय: थाइल्याण्डमा आयोजना हुने बिमस्टेक परराष्ट्र मन्त्रीहरूको रिट्रिटमा सहभागी हुन परराष्ट्र मन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने ।

९. परराष्ट्र मन्त्रालय: इटालीको रोममा आयोजना हुने United Nations Food Systems २०२३ Stocktaking Moment कार्यक्रममा सहभागिताका लागि सम्माननीय प्रधानमन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने ।

१०. परराष्ट्र मन्त्रालय: सहसचिव लोक बहादुर थापालगायत ६ जनालाई राजदूत नियुक्तिका लागि सिफारिस गर्ने ।

११. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: नेपाल प्रहरी बल विशेष सुरक्षा गण, सुर्खेतलाई सरकारी/सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: सहकारी क्षेत्र सुधार सुझाव कार्यदलको म्याद मिति २०८०/३/२६ देखि एक महिना थप गर्ने।

१३. रक्षा मन्त्रालय: उपरथी सन्तोष कुमार ढकाललाई अमेरिकाको Tempa मा सञ्चालन हुने Advance Special Operations Combatting Terrorism Alumni Seminar मा सहभागी हुन स्वीकृति दिने।

१४. रक्षा मन्त्रालय: बलाधिकृत रथी सरोज प्रताप राणालाई अमेरिकाद्वारा फिजिमा आयोजना हुने Chiefs of Defence Conference (CHOD) मा सहभागी हुन स्वीकृति दिने।

१५. रक्षा मन्त्रालय: पाइलट उपरथी आशिष नरसिंह राणालाई अमेरिकाको Hawaii स्थित Hickam Air Force Base मा सञ्चालन हुने 2023 Pacific Air Chiefs Symposium (PACS 23) कार्यक्रममा सहभागी हुन स्वीकृति दिने।

१६. रक्षा मन्त्रालय: नेपाली सेनाका सहसेनानी सूर्य बहादुर थापालाई अवकाशपूर्व सेनानी दर्जामा विशेष बढुवा गर्ने।

१७. वन तथा वातावरण मन्त्रालय: अत्याधुनिक चलचित्र छायाङ्कन स्टुडियो निर्माण आयोजनाको लागि काभ्रेपलाञ्चोक जिल्लाको बनेपा बहुनडाँडाको राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने ।

१८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय: नेपाल खुला विश्वविद्यालयको केन्द्रीय कार्यालय भक्तपुर जिल्लाको सानोठिमीमा तोक्ने।

१९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय: वैदेशिक रोजगार व्यवसायीको इजाजतपत्र नवीकरण गरिदिनेसम्बन्धी बाधा अड्काउ फुकाउने आदेश स्वीकृत गर्ने ।

२०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: पर्यटन विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

२१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: सोलुखुम्बु जिल्लाको लिखुपिके गाउँपालिकामा भएको हेलिकप्टर (मनाङ्ग एयर प्रा.लि.) दुर्घटनाको जाँचबुझ गरी प्रतिवेदन पेश गर्न सहसचिव बुद्धिसागर लामिछानेको अध्यक्षतामा ४ सदस्यीय दुर्घटना जाँच आयोग गठन गर्ने।

२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: थबाङ गाउँपालिका, रोल्पाको कृषि उपज संकलन तथा बिक्री केन्द्र निर्माण गर्ने परियोजनाको लागि जग्गा प्राप्त गर्न सहमति प्रदान गर्ने।

२३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: बंगलादेशमा आयोजना हुने Public Health and Diplomacy विषयक कार्यक्रममा सहभागिताको लागि अतिरिक्त स्वाथ्य सचिवलाई स्वीकृति दिने \

२४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: अङ्ग प्रत्यारोपण समन्वय समितिका पदाधिकारीमा पुकारचन्द्र श्रेष्ठ लगायत ४ जनालाई मनोनित गर्ने।

२५. वन तथा वातावरण मन्त्रालय: वन्यजन्तुबाट क्षति भएबापतको राहत वितरण निर्देशिका, २०८० स्वीकृत गर्ने।

२६. नेपाल प्रशासन सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा लक्ष्मी कुमारी बस्नेतलाई बढुवा गर्ने ।

द्रष्टव्यः निर्णयसँगसम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

**संवत् २०८० साल असार २७ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'की धर्मपत्नी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) की नेतृ एवं केन्द्रीय सल्लाहकार श्रीमती सीता दाहालको ६९ वर्षको उमेरमा भएको असामयिक निधनमा नेपाल सरकारको तर्फबाट श्रद्धाञ्जली व्यक्त गर्दै दिवङ्गत सीता दाहालको अन्त्येष्टिको समयमा राजकीय सम्मान स्वरूप नेपाली सेनाको दुई सेनामुख, स्कर्टपति सहसेनानीको एक टुकडीद्वारा सलामी दिने व्यवस्था मिलाउने।